# प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवं शैक्षिक अवस्था

शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण

विषयको आंशिक आवश्यकता पुरा गर्नका लागि प्रस्तुत

शोध प्रतिवेदन

**शोधकर्ता**

खगेन्द्र सिग्देल

परीक्षा रोल नं. : २८००४७/०६७

त्रि.वि.द.नं. : ९-२-२०६-६-२००५

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र

केन्द्रीय विभाग कीर्तिपुर,

काठमाण्डौं

२०६९

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि. कीर्तिपुर**

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रिय विभाग कीर्तिपुर, काठमाडौ स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्र खगेन्द्र सिग्देलले मेरो प्रत्यक्ष निर्देशनमा रही " **प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवं शैक्षिक अवस्था** शीर्षकको शोध प्रतिवेदन तयार गर्नु भएकोले उहाँको लेखन कार्यमा सन्तुष्ट छु। त्यसैले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु।

..............................

सुपरीवेक्षक

उप.प्रा. श्री किरणराम रञ्जितकार

मिति : २०६९/०४/२३

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**त्रि.वि कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयका छात्र खगेन्द्र सिग्देलले आशिंक आवश्यकता परिपूर्तिको लागि **" प्रारम्भिक वालविकास शिक्षाको भौतिक एवं शैक्षिक अवस्था"** शीर्षक शोध प्रतिवेदन तयार गरी मूल्याङ्कन गर्न सिफरिसका साथ यस समितिमा पेश गरिएकोमा स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| प्राध्यापक स्वयंप्रकाश ज.व.रा. (विभागीय प्रमुख) | ............................ |
| उप.प्रा. श्री किरणराम रञ्जितकार (शोध निरीक्षक) | ............................ |
| उप.प्रा. शिवराज वढु (बाह्य परिवेक्षक) | .............................. |

मिति : २०६९/०४/३०

## कृतज्ञता

अनुसन्धान कार्य आफैंमा एक जटिल विषय हो । यसको लागि निश्चित सैद्धान्तिक ज्ञानको आवश्यकता पर्छ । कुनैपनि विषयमा अध्ययन शोध प्रतिवेदन तयार गर्न उक्त विषयवस्तुको बारेमा ज्ञान, सिप, दक्षताको आवश्यकता पर्दछ । अध्ययनको लागि छनोट गरिएको विषय, त्यसको उद्देश्य, उपलब्ध समय, स्रोत साधान आदिको आधारमा उक्त अध्ययनको अध्ययन विधि निर्धारण गर्नु पर्दछ ।

यस अध्ययन प्रारम्भिक बालविकास शिक्षाको शैक्षिक र भौतिक अवस्था विषयमा शोधपत्र समयमा नै तयार पार्न आवश्यक सर -सल्लाह, सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गुरु उप. प्रा. किरणराम रञ्जितकार ज्यु तथा विभागिय प्रमुख स्वयम् प्रकाश ज.ब.रा. प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी यस अध्ययन प्रतिवेदनको लागि आवश्यक सुचना प्रदान गरिदिनु हुने श्री नील बराही उच्च मा. वि. कालिमाटी परिवारलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस प्रतिवेदन तयार पार्नको लागि आवश्यक पाठ्यपुस्तक तथा सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, सेरिड तथा शिक्षा विभाग लाई कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई पुरा गर्न तथा मलाई यस स्थानमा ल्याई पुऱ्याउन आर्थिक तथा अन्य विभिन्न पक्षमा सहयोग पुऱ्याउनु हुने पुजनिय पिता श्री मयानाथ सिग्देल र माता श्री भुमिका सिग्देल प्रति आभार व्यक्त गर्न चाहान्छु । साथै यस शोध प्रतिवेदन तयार गर्न अमुल्य सुझावर सहयोग गर्नुहुने साथीहरु माधव न्यौपाने, सुदर्शन गौतम, चलन लिम्बु, महानन्द फुयाल, युवराज अधिकारी लगाएतका साथीहरुलाई धन्यवादका पात्र ठान्दछु ।

अन्त्यमा यस शोधपत्र टंकन गर्न कम्प्युटर उपलब्ध गर्ने तथा आवश्यक सर-सहयोग गर्नुहुने साथीहरु इन्द्र श्रेष्ठ, खगेन्द्र पौडेल तथा विनोद गौतम प्रति आभार व्यक्त गर्दछु ।

खगेन्द्र सिग्देल

# शोधसार

प्रारम्भिक वाल्यवस्था भन्नाले वालवालिकाहरु विद्यालय जानु पूर्व अर्थात १-५ वर्ष उमेरको अवस्था भन्ने वुझिन्छ । यस अवस्थामा दिईने शिक्षा वालवालिका तथा राष्ट्रको भविष्यका लागि अति नै महत्वपूर्ण हुन्छ । यो अध्ययन प्रारम्भिक वालविकास तहको शैक्षिक तथा भौतिक अवस्था शिर्षक मा काठमाण्डौ महानगरपालिका अन्तरर्गत कालिमाटीमा रहेको एक सामुदायिक विद्यालय श्री नील वराही उच्च मा.वि.का प्रारम्भिक तहका अर्थात शिशु कक्षाका वालवालिकाको भौतिक र शैक्षिक अवस्थाको वारेमा जानकारी लिनको लागि प्र.अ., सहजकर्ताको अन्तरवार्ता तथा प्रारम्भिक वालविकास तहको कक्षाको अध्ययनकर्ता स्वयम्ले अवलोकन गरी यो प्रतिवेदन तयार पारिएको थियो । यस अध्ययनका उद्देश्यहरु प्रारम्भिक वालविकास तहको शैक्षिक तथा भौतिक अवस्थाको पहिचान गर्नु, प्रारम्भिक वालविकास तहको शैक्षिक तथा भौतिक अवस्था सुधारको उपायहरु पत्ता लगाउने र प्रारम्भिक वालविकास केन्द्रमा भएका प्रयासहरुको मूल्याङ्कन गर्ने रहेको थियो ।

यो अध्ययन गर्दा प्रारम्भिक वालविकास तहका वालवालिका, उक्त तहमा अध्यापनरत सहजकर्ता तथा उक्त विद्यालयका प्र.अ. लाई छनोट गरी आवश्यक सुचना तथा तथ्याङ्कहरु संकलन गरिएको थियो । सुचना संकलन गर्नको लागि असंरचित अन्तरवार्ता तथा छलफल गरिएको थियो । र प्राप्त सुचना तथा तथ्याङ्कको मुलसार खोजी अर्थपुर्ण र तार्किक ढंगले विष्लेषण र व्याख्या गरिएको थियो । शिक्षा विभागले प्रकाशन गरेको प्रारम्भिक वालविकास तहको न्युनतम् मापदण्ड अनुरुप अध्ययन क्षेत्रको विद्यालयमा छ छैन भनी तुलना गरी प्राप्त तथ्याङ्क तथा सुचनाहरुलाई तार्किक ढङ्गवाट विष्लेषण गरी यो अध्ययन पुरा गरिएको छ ।

छनोटमा परेका विद्यालयमा प्रारम्भिक वालविकास तहमा कक्षा संचालन १०:१५ वाट सुरु भई ३:०० वजे समाप्त हुने गरेको पाईयो । पढाईको विच-विचमा अर्थात १-१ घण्टा जतिको अवधीमा वालवालिकाहरु शौचालय जान तथा पानी खानको लागि टिफिन केही समयको लागि गरेको देखियो । अध्ययनरत विद्यालयमा खानेपानी तथा शौचालय वालवालिका मैत्री रहेको पाईयो । कक्षाकोठाको वातावरण पनि नेपाल सरकारको शिक्षा विभागले प्रारम्भिक वालविकास तहको लागि तोकेको न्युनतम् मापदण्ड अनुरुप नै भएको पाईयो । साथै वालवालिकाका लागि चाहिने खेलसामाग्री पनि आवश्यक मात्रामा रहेको पाईयो । अध्ययन क्षेत्रको विद्यालयमा सहजकर्ता दुई जना रहनु भएको र उहाँहरुको शैक्षिक योग्यता एक जनाको एस.एल.सी  र अर्को जनाको प्रविणता पत्र तह सम्मको रहेको पाईयो । उहाँहरुले १५ दिने वालविकास सम्वन्धि तालिम लिनु भएको पाईयो । साथै उहाँहरु वालवालिकाका लागि मायालु, सहनसिल तथा आमाको जस्तै भुमिका निर्वाह गरेको देखियो । सहजकर्ताहरुले वालवालिकालाई शिक्षण सिकाई गर्दा विभिन्न गीतहरुको माध्यमवाट रमाईलो गरी सिकाईएको पाईयो । यस्ता कुराहरु सिकाउँदा अंग्रेजी भाषामा वढि जोड दिईएको पाईयो । साथसाथै वालवालिकाको शारिरीक, मानसिक, सांस्कृतिक, संवेगात्मक आदि पक्षको विकास गराउन विभिन्न खालका क्रियाकलापहरु गराउने गरेको पाईयो । वौद्धिक क्षमता राम्रो भएका वालवालिकाहरुलाई अभिभावकहरुको सल्लाह र सहमति वमोजिम विचविचमा नै कक्षा चढाउने गरेको पनि पाईयो । यस विद्यालयमा

वालवालिकाको मूल्याङ्कनको लागि वर्ष भरिमा ३ पटक परिक्षा गर्ने गरेको पाईयो । वालवालिकाहरुमा शिक्षण सिकाई क्रियाकलाप राम्रो होस् भन्नका लागि विद्यालयको आफ्नै स्रोतवाट सहजकर्तालाई नेपाल सरकारले दिएको तलव भत्तामा थप गरी केही रकम दिएको पाईयो । समग्रमा भन्दा प्रारम्भिक वालविकास तहको शिक्षा राम्रोसँग सञ्चालनमा रहेको पाईयो ।

यी माथिका कुराहरुको अध्ययन पश्चात केही निष्कर्ष तथा सुझाव दिईएको छ । जसअनुसार सहजकर्तालाई पुनरताजगी तालिम दिईरहनु पर्ने, विद्यालयको आफ्नै खेलमैदान नभएकाले प्रारम्भिक वालविकास तहका वालवालिकाका लागि एउटा ठुलो हलको व्यवस्था हुनुपर्ने, वालवालिकाहरुको चाडो चाडो मूल्याङ्कन गरिनु पर्ने, सहजकर्तालाई नैरस्यता छाउन नदिनको लागि नेपाल सरकारले राम्रो तलव भत्ताको व्यवस्था गरिनु पर्ने साथै स-साना वालवालिका भनेका भविष्यका कर्णधार हुन् र यीनीहरुको भविष्य राम्रो पार्न सरकारले वालवालिकाका लागि आर्थिक लगानी वढाउनु पर्ने जस्ता सुझावहरु दिईएको छ ।

**विषय सूची**


| | | पृष्ठ संख्या |
|---|---|---|
| सिफारिस पत्र | | I |
| स्वीकृति पत्र | | II |
| कृतज्ञता | | III |
| शोधसार | | IV |
| परिच्छेद एक : परिचय | | १-५ |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको औचित्य | ३ |
| १.३ | समस्यको कथन | ४ |
| १.४ | अनुसन्धानात्मक प्रश्न | ५ |
| १.५ | अध्ययनको उद्देश्य | ५ |
| १.६ | अध्ययनको परिसिमा | ५ |
| परिच्छेद दुई : पूर्व साहित्यको समिक्षा | | ७-१३ |
| २.१ | सैद्धान्तिक साहित्यको समिक्षा | ७ |
| ८२.२ | सम्बन्धित अध्ययनहरुको पुनरावलोकन | ९ |
| २.३ | अवधाराणात्मक ढाँचा | १३ |
| परिच्छेद तीन : अध्ययन विधि | | १४-१७ |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | जनसङ्ख्या तथा नमूना छनौट | १४ |
| | ३.२.१ जनसंख्या | १४ |
| | ३.२.२ नमुना छनौट प्रक्रिया | १५ |
| ३.३ | सूचना संकलनका साधनहरु | १५ |
| ३.४ | साधनको वैद्यता निर्धारण | १६ |

| | | |
|---|---|---|
| ३.५ | सूचना संकलन प्रक्रिया | १६ |
| | ३.५.१ प्राथमिक तथ्याङ्क | १७ |
| | ३.५.२ सहायक तथ्याङ्क | १७ |
| ३.६ | सुचना विश्लेषण प्रक्रिया | १७ |
| परिच्छेद | चार : सुचनाको विष्लेषण र व्याख्या | १८-३१ |
| ४.१ | भौतिक अवस्था | १८ |
| | ४.१.२ विद्यालय र घरविचको दुरी | १९ |
| | ४.१.३ कक्षाकोठा भित्रको अवस्था | १९ |
| | ४.१.४ विद्यालयको भौतिक संरचना | २१ |
| ४.२ | सहजकर्ताको व्यवस्थापन | २३ |
| | ४.२.१ प्रारम्भिक वालविकास तहका सहजकर्ताको अवस्था | २४ |
| ४.३ | कक्षा व्यवहार | २४ |
| ४.४ | शिक्षण सिकाई पद्दती | २७ |
| ४.५ | प्रारम्भिक वालविकास तहको पाठ्यक्रम | २८ |
| ४.६ | प्रारम्भिक वालविकास केन्द्रका विविध क्रियाकलापहरु | २९ |
| ४.७ | प्रारम्भिक वालविकास तहको परीक्षा प्रणाली | ३० |
| ४.८ | प्रारम्भिक वालविकास तहमा वालवालिकाको रेखदेखको अवस्था | ३१ |
| ४.९ | प्रशासनिक व्यवस्थापनको अवस्था | ३१ |
| परिच्छेद | पाँच : प्राप्तिहरु, निष्कर्षहरु, सुझावहरु | ३३-३५ |
| ५.१ | प्राप्तिहरु | ३३ |
| ५.२ | निष्कर्षहरु | ३४ |
| ५.३ | सुझावहरु | ३५ |
| | सन्दर्भग्रन्थ सूची | ३७ |
| | अनुसुचीहरु | ३८-४५ |